# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## जुलाईदेखि राष्ट्रिय पेन्सन (कोकुमिन नेन्किन) बीमा शुल्क छुट तथा भुक्तानी स्थगन आवेदन स्वीकार गरिने सम्बन्धमा

7 月から受け付け開始　国民年金保険料の免除・納付猶予申請について

आर्थिक कारणले राष्ट्रिय पेन्सन बीमा शुल्क तिर्न कठिनाइ भएमा, बीमा शुल्क छुट तथा भुक्तानी स्थगनको व्यवस्था उपलब्ध छ।
2026 जुलाईदेखि 2027 जुनसम्मको अवधिका लागि आवेदनहरू जुलाई 1 (बुधबार) देखि स्वीकार गरिनेछ (आवेदक स्वयं, पति/पत्नी तथा घरमूलीको आयको आधारमा जाँच गरिनेछ)।
आर्थिक वर्ष 2025 मा पूर्ण छुट वा भुक्तानी स्थगन स्वीकृत भएका व्यक्तिहरूको हकमा जापान पेन्सन संस्थाले स्वतः जाँच गर्ने भएकाले पुनः आवेदन दिन आवश्यक छैन।
तर, आंशिक बीमा शुल्क छुट वा विशेष कारण (जस्तै रोजगार छोडेको, प्राकृतिक विपद् आदि) को आधारमा स्वीकृति प्राप्त गरेका व्यक्तिहरूले भने पुनः आवेदन दिन आवश्यक छ।

■आवेदन अवधि
2026 जुलाई 1 (बुधबार) देखि

■आवश्यक कागजातहरू
- माइ नम्बर कार्ड, पेन्सन पुस्तिका
- पहिचान पुष्टि गर्ने कागजात (चालक अनुमतिपत्र)(ड्राइभिङ लाइसेन्स), माइ नम्बर कार्ड आदि)
- 2025 पछि रोजगार छोड्नुभएको भए, रोजगार बीमा (कोयो होकेन) को रोजगार छोडेको प्रमाणपत्र वा रोजगार बीमा लाभ प्राप्त गर्ने योग्यता प्रमाणपत्र आदि कागजातहरू

※ प्रतिनिधिमार्फत आवेदन दिने भए, कृपया निम्न कागजातहरू साथमा ल्याउनुहोस्।
- बीमित व्यक्तिबाट जारी गरिएको अधिकारपत्र
- बीमित व्यक्तिको माइ नम्बर वा आधारभूत पेन्सन नम्बर पुष्टि गर्न सकिने कागजात (माइ नम्बर कार्ड, पेन्सन पुस्तिका, आधारभूत पेन्सन नम्बर सूचना पत्र आदि)
- प्रतिनिधिको पहिचान पुष्टि गर्ने कागजात

फोटोसहितको सरकारी परिचयपत्रमध्ये कुनै एक (माइ नम्बर कार्ड, चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) राहदानी (पासपोर्ट) आदि)
वा
फोटो नभएको सरकारी परिचयपत्रमध्ये कुनै दुई (स्वास्थ्य बीमा प्रमाणपत्र, राष्ट्रिय पेन्सन पुस्तिका आदि)

■आवेदन गर्ने तरिका
(1) कार्यालयमा प्रत्यक्ष आवेदन
- नागरिक मामिला विभाग, राष्ट्रिय पेन्सन शाखा (〒564-8550 सुइता सिटी, इजुमिचो 1-3-40)
बिहान 9:00 बजेदेखि साँझ 5:30 बजेसम्म (शनिबार, आइतबार तथा सार्वजनिक बिदाबाहेक)
- सुइता पेन्सन कार्यालय (〒564-8564 सुइता सिटी, कातायामाचो 2-1-18)

सोमबारदेखि शुक्रबारसम्म: बिहान 8:30 बजेदेखि साँझ 5:15 बजेसम्म
हप्ताको पहिलो दिन खुल्ने समय: बिहान 8:30 देखि बेलुका 7:00 बजेसम्म
प्रत्येक महिनाको दोस्रो शनिबार: बिहान 9:30 बजेदेखि बेलुका4:00 बजेसम्म

(2) हुलाकमार्फत आवेदन
कृपया तल उल्लेखित कुनै एक ठेगानामा हुलाकमार्फत पठाउनुहोस्।
・नागरिक मामिला विभाग, राष्ट्रिय पेन्सन शाखा (〒564-8550 सुइता सिटी, इजुमिचो 1-3-40)
वा
・सुइता पेन्सन कार्यालय (〒564-8564 सुइता सिटी, कातायामाचो 2-1-18)

(3) अनलाइन आवेदन
अनलाइन आवेदन प्रणाली मार्फत आवेदन दिनुहोस्।

■(जापान पेन्सन संस्था) राष्ट्रिय पेन्सन बीमा शुल्क छुट तथा भुक्तानी स्थगन आवेदन फाराम भर्ने तरिका सम्बन्धी भिडियो तथा आवेदन फाराम
आवेदन फाराम भर्ने तरिका सम्बन्धी भिडियोको लिङ्क
राष्ट्रिय पेन्सन बीमा शुल्क छुट तथा भुक्तानी स्थगन आवेदन फाराम (बहुभाषामा उपलब्ध)

■सम्पर्क
सुइता पेन्सन कार्यालय
फोन: 06-6821-2401
नागरिक मामिला विभाग, राष्ट्रिय पेन्सन शाखा
फोन: 050-1807-2219

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।